यस मिथिला नगरपालिकाका नगर प्रमुख श्री महेन्द्र महतोज्यूको अध्यक्षता निम्न अनुसारको उपस्थितमा मिति २०८३।०५।१६ गते मंगलवार दिउँसोको १:०० बजे सहिद मुंगालाल मोहन महतो स्मृति प्रतिष्ठानको हलमा तपसिल वमोजिमका प्रस्तावहरुमा छलफल गर्नका लागि नगर कार्यपालिकाको बैठक वसियो।

<u>उपस्थिति</u>

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री महेन्द्र महतो | नगर प्रमुख | |
| २ | श्री सुनिता सिंह बुढाथोकी | उप–प्रमुख | |
| ३ | श्री जोगी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो कोइरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री चन्द्र बहादुर बुलन तामाङ्ग | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री रामचन्द्र महतो | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री नन्द किशोर यादव | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री राम बहादुर स्याङ्दान | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री बिरेन्द्र महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री सविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री अन्जु श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री मिना पजियार | कार्यपालिका सदस्य | मिना। |
| १६ | श्री नगिना खातुन | कार्यपालिका सदस्य | नगिना |
| १७ | श्री कौशिल्या देवी | कार्यपालिका सदस्य | कौशिल्या |
| १८ | श्री इन्द्र कला कुमारी | कार्यपालिका सदस्य | |
| १९ | श्री महेन्द्र राउत | कार्यपालिका सदस्य | महेन्द्र |
| २० | श्री विशेश्वर साह हलुवाई | कार्यपालिका सदस्य | |
| २१ | श्री सर्मिला सुनवार | कार्यपालिका सदस्य | |
| २२ | श्री हरि शंकर यादव | प्रमुख प्रशासकीय अधिकृत | |

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

## मिति २०८३।०५।१६ गते

**बैठकका प्रस्तावहरु:**

प्रस्ताव नं.१) रसुवा बाढी/ प्राकृतिक प्रकोप सम्बन्धमा ।

प्रस्ताव नं.२) विविध सम्बन्धमा।

मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको निर्णयहरु

## मिति २०८३।०५।१६ गते

**बैठकका निर्णयहरु:**

निर्णय नं.१) प्रस्ताव नं १ मा छलफल गर्दा देहायका निर्णय पारित गरियो ।

१० मिति २०८३।०५।१० गतेका दिन रसुवाको भोटेकोशी तथा त्रिसुली नदिमा आएको विनाशकारी बाढीका कारण भएको ठुलो जनधनको क्षतिप्रति मिथिला नगरपालिका गहिरो दुःख व्यक्त गर्दछ । प्राकृतिक विपदको यस पिडादायी घटनामा ज्यान गुमाउनुहुने सम्पुर्ण मृतकहरुप्रति मिथिला नगरपालिकाको तर्फबाट भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौ ।

२० उल्लिखित घटनामा घाइते हुनु भएका सम्पूर्णको शिघ्र स्वास्थ्य लाभको तथा सम्पर्क विहिन व्यक्तिहरुको सकुशल उद्धारको प्रार्थना गर्दछ ।

३० सङ्घीय सरकराको निर्णय वमोजिम यस नगरपालिकामा कार्यरत सम्पुर्ण कर्मचारीहरु(स्वास्थ्यकर्मी, शिक्षक लगायत अन्य कर्मचारीहरु) को तवल भत्ताबाट रकम कट्टा गरी प्रधानमन्त्री दैविक प्रकोप कोषमा जम्मा गर्ने ।

४० मिथिला नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरुको सेवा सुविधाबाट तपसिल वमोजिमका रकम कट्टा गरी प्रधानमन्त्री दैविक प्रकोप कोषमा जम्मा गर्ने ।

**तपसिल**

क० नगर प्रमुखको कोषबाट रु.५१ हजार १ सय ५१ रुपैया ।

ख० उप प्रमुखको एक महिना सेवा सुविधा वापतको रकम।

ग० वडा अध्यक्ष तथा कार्यपालिका सदस्यको सेवा सुविधबाट १५ दिनको सेवा सुविधा वापतको रकम ।

घ० वडा सदस्यको सेवा सुविधबाट १० दिनको सेवा सुविधा वापतको रकम ।

५० मिति २०८३।०५।१० गतेका दिन रसुवाको भोटेकोशी तथा त्रिसुली नदिमा आएको विनाशकारी बाढीका कारण भएको ठुलो जनधनको क्षति भएकोले मिथिला नगरपालिकाको विपद व्यवस्थापन कोषबाट रु.११ लाख प्रधानमन्त्री दैविक प्रकोप कोषमा जम्मा गर्ने ।